चुलाचुली गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
चुलाचुली, इलाम

पत्र संख्या:०७८/०७९
च.नं. ०६

१ नं. प्रदेश, नेपाल

मिति -२०७८/०४/०४

**विषय – लेखा परिक्षक नियुक्तिको जानकारी पठाउने सम्वन्धमा।**

**श्री सहकारी संस्था सबै,**
**चुलाचुली गाउँपालिका,**
**चुलाचुली, इलाम।**

प्रस्तुत विषयमा सहकारी ऐन २०७४ को दफा ७५, ७६ र ७७ तथा चुलाचुली गाउँपालिकाको सहकारी सम्वन्धी ऐन, २०७५ को परिच्छेद १२ दफा ५४, ५५ र ५६ मा सहकारीको अन्तिम लेखा परिक्षण गरिनु पर्ने अवगत नै छ, सो व्यवस्थाले आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र संस्थाको साधारण सभाले नियुक्त गरेको लेखा परिक्षकवाट आफ्नो वासलातको लेखा परिक्षण गराउनु पर्ने र एक व्यक्ति, फर्म वा कम्पनीलाई लगातार तिन आर्थिक वर्ष भन्दा बढि हुने गरि लेखापरिक्षकमा नियुक्त गर्न नसकिने व्यवस्था समेत रहेकोले यस व्यवस्थालाई नियमन गर्न प्रदेश सहकारी रजिष्टार कार्यालय, प्रदेश नं.१ ले तयार गरेको **सहकारी संस्था सञ्चालन, अनुगमन तथा लेखा परिक्षण मापदण्ड, २०७८** बमोजिम संस्थाले लेखा परिक्षक नियुक्त गरे प्रश्चात यस कार्यालयको नियमन क्षेत्राधिकार भित्र पर्ने सहकारी संस्थाहरुले आ. व २०७७/०७८ लागि लेखा परिक्षक नियुक्त गरेको निम्न विवरण १५ दिन भित्र यस कार्यालयमा पठाउन अनुरोध गरिएको छ।

**निम्नानुसार:-**

लेखा परिक्षको व्यक्तिगत विवरण,

१. विगत ३ वर्षमा नियुक्त गरिएको लेखा परिक्षकको विवरण,
२. लेखा परिक्षकको लेखापरिक्षण इजाजत पत्रको प्रतिलिपी,
३. लेखा परिक्षकले आफु नियुक्त हुन अयोग्य नभएको भनि दिएको लिखित विवरण,
४. अन्य आवश्यक कागजातहरु,

काजीमान राई
प्रमुख प्रशासकिय अधिकृत

बोधार्थ-
श्री सुचना प्रविधि शाखा – वेभसाइटमा अप्लोड गरिदिनु हुन।